# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) धनगढी, कैलाली, असोज २१ गते, २०७५ साल (अतिरिक्ताङ्क ७

## भाग १

### प्रदेश सरकार
### आन्तरिक मामिला तथा कानून मन्त्रालय
### सुदूरपश्चिम प्रदेश धनगढी कैलाली

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७५ सालको ऐन नं. १४**

## प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

प्रस्तावना : प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको धारा १९६ बमोजिम वाञ्छनीय भएकोले,

प्रदेश नं. ७ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "उपसभामुख" भन्नाले प्रदेश नं ७ को प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ।

(ख) "पदाधिकारी" भन्नाले प्रदेश नं ७ का सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक, विपक्षी दलको प्रमुख सचेतक, विपक्षी दलको सचेतक र समितिका सभापति सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं ७ सम्झनु पर्छ।

(घ) "विपक्षी दलको नेता" भन्नाले प्रदेश नं ७ को मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका देहाय बमोजिमका दलले संसदीय दलको नेताको रुपमा छानेको व्यक्ति सम्झनु पर्छः-

(१) प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एकभन्दा बढी दलको बराबर सदस्य भएमा ती दलले पारस्परिक सहमतिको आधारमा आफूमध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा प्रदेश सभाका सबैभन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मन्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मन्जुरी नभएमा प्रदेश नं ७ प्रदेश सभाका सभामुखले तोकिदिएको दल,

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणवाट प्रदेश नं ७ को अर्को कुनै दलको सदस्य भई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भए पश्चात पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरीमा पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ।

(ङ) "विपक्षी दलको प्रमुख सचेतक" भन्नाले खण्ड (घ) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ।

(च) "विपक्षी दलको सचेतक" भन्नाले खण्ड (घ) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

(छ) "सचिवालय" भन्नाले प्रदेश सभाको सचिवालय सम्झनु पर्छ ।

(ज) "सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले प्रदेश नं ७ को मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ ।

(झ) "सत्ता पक्षको सचेतक" भन्नाले प्रदेश नं ७ को मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ ।

(ञ) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ ।

(ट) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ ।

(ठ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ र सो शब्दले विशेष समितिलाई समेत जनाउँछ ।

३. <u>पारिश्रमिक</u> : (१) पदाधिकारी र सदस्यले निर्वाचित भई सपथग्रहण भएको मितिदेखि अनुसूची-१ र २ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा सुविधा पाउने छन् तर, अनुसूची-२ को उल्लेखित सदस्यहरूले पाउने स्वकीय सचिवको सुविधा भने आ.ब. २०७५/०७६ को हकमा २०७५ श्रावण १ गते देखि लागु हुने गरी हुने छ ।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा निजलाई त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पारिश्रमिक पाउने पदाधिकारी वा सदस्यको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसंगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवीत नरहेमा त्यस्तो पारिश्रमिक निजको आमाबुवा वा निजसँग संगै बस्ने निजको छोरा छोरीलाई दिईनेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिईने छैन ।

४. **बैठक भत्ता** : (१) पदाधिकारी र सदस्यले प्रदेश सभा वा कुनै समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम पाउनेछन् ।

तर प्रदेश सभा वा समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक बैठकको मात्र भत्ता पाउनेछन् ।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यले अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर यस्तो दैनिक तथा भ्रमण भत्ता एक अधिवेशनमा एक पटक मात्र पाउनेछ ।

५. **आवास सुविधा** : (१) प्रदेश सरकारले सभामुख, उपसभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो घर नभएको सभामुख, उपसभामुखलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(३) प्रदेश राजधानीमा आफ्नो घर भएको सभामुख, उपसभामुखले अनुसूची १ मा उल्लेख भए वमोजिमको रकम आवास सुविधा वापत पाउने छैनन् । तर सरकारी घरमा नबसी आफ्नो निजी घरमा बस्ने सभामुख, उपसभामुखले अनुसूची १ मा उल्लेख भए बमोजिमको रकम निजी आवास मर्मत सम्भार सुविधा वापत पाउनेछन् ।

(४) उपदफा (१) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर बापत दिइनेछ ।

(६) उपदफा (१) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(७) निजि घरमा बस्ने पदाधिकारी तथा सदस्यलाई आवाश सुविधा दिइने छैन, तर निजि आवाश मर्मत सम्भार वापतको रकम अनुसूची-१ मा उल्लेख भए बमोजिम दिइनेछ ।

(८) सभामुख र उपसभामुख बाहेकका अन्य पदाधिकारी तथा सदस्यले प्रदेश राजधानीमा आफ्नो घर नभएमा आवाश सुविधा तथा फर्निचर बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन् ।

(९) सभामुख र उपसभामुखले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन् ।

६. **सवारी साधन तथा इन्धन सुविधा** : (१) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक र समितिका सभापतिलाई चालक सहितको सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(३) उपदफा (१) बमोजिम सवारी साधनको सुविधा पाउने पदाधिकारीले यस दफा बमोजिम पाउने सवारी साधन आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्नेछ ।

७. **बिजुली, धारा र सञ्चार सुविधा** : पदाधिकारी र सदस्यलाई धारा, बिजुली र सञ्चार सुविधा बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ ।

८. **अतिथि सत्कार सुविधा** : पदाधिकारी तथा सदस्यको लागि अनुसूची-१ बमोजिम अतिथि सत्कार वापतको रकम दिइनेछ ।

९. **स्वकीय सचिवालयमा कर्मचारीको व्यवस्था** : (१) आफ्नो कार्यकालको लागि पदाधिकारी तथा सदस्यले अनुसूची-२ मा उल्लेख भए बमोजिमको स्वकीय सचिवालयको लागि कर्मचारी सुविधा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको स्वकीय सचिवालय बन्दोबस्तको लागि एक कार्यकालमा एक पटक फर्निचर वापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(३) पदाधिकारीलाई स्वकीय सचिवालयको बन्दोबस्तको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(४) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक र समितिका सभापतिको सचिवालय र कार्यालयमा आउने अतिथि सत्कारको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

१०. **दैनिक तथा भ्रमण भत्ता** : प्रदेश सभाको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दा पदाधिकारी र सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ ।

११. **यातायात खर्च** : सदस्यले प्रदेश सभा वा समितिको बैठकमा भाग लिन उपस्थित हुंदाको दिनको यातायात खर्च अनुसूची-१ मा उल्लेख भए अनुसारको खर्च दिइनेछ ।

तर, सोही दिनमा सभा वा समितिको बैठक भएमा एक दिनको मात्र खर्च दिइनेछ ।

१२. **बीमा सुविधा** : पदाधिकारी र सदस्यलाई सरकारी कामको सिलसिलामा भ्रमण गर्दा दश लाख रुपैयाँ बराबरको बीमा सुविधा दिइनेछ ।

१३. **उपचार सुविधा** : (१) पदाधिकारी र सदस्यलाई सचिवालयमा सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एक जना चिकित्सकको निःशुल्क सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई उपचार गर्नु पर्ने भनी सिफारिस गरेको पदाधिकारी वा सदस्यले

सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको खर्च सचिवालयले व्यहोर्नेछ । नेपाल भित्रका अन्य अस्पतालमा लागेको खर्च भने मन्त्री परिषद्को निर्णय बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको उपचार खर्च बापतको रकम सचिवालयले पदाधिकारी वा सदस्य भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

१४. **दृष्टिविहिन र अशक्त पदाधिकारी तथा सदस्यलाई विशेष सुविधा** : (१) कुनै पदाधिकारी वा सदस्य दृष्टि विहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई सहयोगीको आवश्यकता छ भन्ने कुरा सभामुखलाई जानकारी दिएमा सभामुखको आदेशमा त्यस्तो पदाधिकारी वा सदस्यलाई एकजना सहयोगी राख्न दिइनेछ ।

तर त्यस्तो सहयोगी बैठक कक्षमा बस्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः-

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा ।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा ।

१५. **बिल भरपाई पेश गर्नुपर्ने** : पदाधिकारी वा सदस्यले पहिलो पटक प्रदेश सभाको अधिवेशनमा आउँदाको हवाइजहाज, बस वा अन्य साधनको टिकट/भाडा बापत भएको खर्चको बिल भरपाई पेश गर्नु पर्नेछ ।

१६. **रकम भुक्तानी** : पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम सचिवालयबाट बैंक मार्फत भुक्तानी गरिनेछ ।

१७. **सुविधा नपाउने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर वा कुनै फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको

अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने पारिश्रमिक तथा सुविधा पाउने छैन ।

तर निजको निलम्बन फुकुवा भएमा वा अदालतबाट सफाई पाएमा सुविधा रोक्का भएको मितिदेखि पारिश्रमिक तथा सुविधा पाउनेछ ।

१८. **एउटा सुविधा मात्र पाउने** : सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति वा पदाधिकारी सदस्यमा निर्वाचित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छ :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष ।

१९. **सुरक्षाको व्यवस्था** : सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

२०. **चाडपर्व खर्च** : पदाधिकारी तथा सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक वरावरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

२१. **अनुसूचीमा हेरफेर गर्न सक्ने** : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा उल्लेखित सुविधा भन्दा न्यून नहुने गरी हेरफेर गर्न सक्नेछ ।

## अनुसूची -१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) र (२), दफा ५ को उपदफा (२), (३), (५), (७) र (८), दफा ६ को उपदफा (१), दफा ७, दफा ८, दफा ९ को उपदफा (२) दफा १० र दफा ११ संग सम्बन्धित)

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | विपक्षी दलको नेता | उप-सभामुख | सत्ता पक्षको प्रमुख सचेतक/ सभापति | सत्ता पक्षको सचेतक/ विपक्षी दलको प्रमुख सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५५,०००।- | ५१,०००।- | ५१,०००।- | ४९,५००।- | ४९,०००।- | ४८,०००।- |
| २ | बैठक भत्ता | प्रतिदिन | ८५०।- | ८५०।- | ८५०।- | ८५०।- | ८५०।- | ८५०।- |
| ३ | आवाश सुविधा | प्रति महिना रु. | २२,०००।- | २०,०००।- | २०,०००।- | १८,०००।- | १८,०००।- | १७,०००।- |
| ४ | फर्निचर खर्च (सरकारी घरको बन्दोवस्त नभएमा) | एकमुष्ट रु (एक पटक मात्र) | १,००,०००।- | १,००,०००।- | १,००,०००।- | १,००,०००।- | १,००,०००।- | १,००,०००।- |
| ५ | सवारी साधन | मोटर (वटा) | १ | १ | १ | १ | - | - |
| ६ | इन्धन | प्रति महिना लिटर | १२५ लि. | १०० लि. | १०० लि. | १०० लि. | - | - |
| ७ | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | ५ लि. | ५ लि. | - | - |
| ८ | धारा, विजुली | प्रति महिना रु. | विल अनुसार | विल अनुसार | विल अनुसार | २,०००।- | २,०००।- | २,०००।- |
| ९ | संचार सुविधा (टेलिफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ३,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- | ३,०००।- |
| १० | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५००।- | २,५००।- | २,५००।- | २,५००।- | २,५००।- | २,५००।- |
| ११ | दैनिक भ्रमण भत्ता (विदेश) | प्रतिदिन अमेरिकी डलर | २२५।- | २२५।- | २२५।- | २२५।- | २२५।- | २२५।- |
| १२ | अतिथि सत्कार | प्रति महिना रु. | १०,०००।- | ७,०००।- | ७,०००।- | ७,०००।- | ७,०००।- | ७,०००।- |
| १३ | निजी आवाश मर्मत संभार | वार्षिक एकमुष्ट रु. | ५०,०००।- | ४०,०००।- | ४०,०००।- | ३५,०००।- | ३५,०००।- | ३५,०००।- |
| १४ | यातायात खर्च | बैठक बसेको दिन (प्रती दिन) रु. | - | - | - | - | ५००।- | ५००।- |

अनुसूची-२

(दफा ३ को उपदफा (१) दफा ५ को उपदफा (१), (३) र (४) संग सम्बन्धित)

| क्र.सं. | सुविधाको किसिम | ईकाइ दर | पद | सभामुख | विपक्षी दलको नेता | उप-सभामुख | सत्ता पक्षको प्रमुख सचेतक सभापति | सत्ता पक्षको सचेतक/विपक्षी दलको प्रमुख सचेतक | विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कानूनी सल्लाहकार | जना | कानून अधिकृत (रा.प.तृतीय) | १(एक) | - | - | - | - | - | - |
| २. | स्वकीय सचिव | जना | शाखा अधिकृत (रा.प.तृतीय) | १(एक) | १(एक) | १(एक) | | | | |
| ३. | स्वकीय सचिव | जना | ना.सु.(रा.प.अनं. प्रथम) | | | | १(एक) | १(एक) | १(एक) | १(एक) |
| ४. | स्वकीय सचिवालय कर्मचारी | जना | सहायक कम्प्यूटर अपरेटर (रा.प.अनं.द्वि.) | १(एक) | - | १(एक) | - | - | - | - |
| ५. | कार्यालय सहयोगी | जना | कार्यालय सहयोगी | १(एक) | १(एक) | १(एक) | - | - | - | - |
| ६. | हलुका सवारी चालक | जना | - | १(एक) | १(एक) | १(एक) | १(एक) | - | - | - |
| ७. | निजि सचिवालयको बन्दोवस्त | प्रतिमहिना रु. | - | २०००।- | १७५०।- | १७५०।- | १५५०।- | १५५०।- | १०००।- | - |
| ८. | अतिथी सत्कार | प्रतिमहिना रु. | - | २०००।- | १५००।- | १५००।- | १२००।- | - | - | - |

प्रमाणीकरण मिति : २०७५।०६।२१ गते

आज्ञाले,
वीरेन्द्र बहादुर के.सी
प्रदेश सरकारको नि.सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.ह.द.नं. १६।२०६२।६३